Vol.21 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2021.12

## वर्षको अन्त्य तथा सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरू फाल्नको लागि निकाल्ने तरिकाबारे

डिसेम्बर 31 तारिख (शुक्र)~जनवरी 3 तारिख (सोम) को अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ। नयाँ वर्ष सुरु भएपछि, जनवरी 4 तारिख (मंगल) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ।

| सङ्कलन गरिने कुराहरू \ सङ्कलन महिना | | | 2021 साल डिसेम्बर | 2022 साल जनवरी |
|---|---|---|---|---|
| स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) | | | 30 तारिख (बिही) सम्म सामान्य रूपमा सङ्कलन गरिनेछ। | 4 तारिख (मंगल) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ। |
| जल्ने फोहोर | | | | |
| वर्गीकरण | | | वर्षको अन्तिम दिन | वर्षको सुरुको दिन |
| नजल्ने फोहोर | महिनाको पहिलो र तेस्रो | सोमबार इलाका | 20 तारिख (सोम) | 17 तारिख (सोम) |
| | | मंगलबार इलाका | 21 तारिख (मंगल) | 4 तारिख (मंगल) |
| | | बुधबार इलाका | 15 तारिख (बुध) | 5 तारिख (बुध) |
| | | बिहीबार इलाका | 16 तारिख (बिही) | 6 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 17 तारिख (शुक्र) | 7 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 18 तारिख (शनि) | 15 तारिख (शनि) |
| | महिनाको दोस्रो र चौथो | सोमबार इलाका | 27 तारिख (सोम) | 10 तारिख (सोमबार र सार्वजनिक बिदाको दिन) |
| | | मंगलबार इलाका | 28 तारिख (मंगल) | 11 तारिख (मंगल) |
| | | बुधबार इलाका | 22 तारिख (बुध) | 12 तारिख (बुध) |
| | | बिहीबार इलाका | 23 तारिख (बिही) | 13 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 24 तारिख (शुक्र) | 14 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 25 तारिख (शनि) | 8 तारिख (शनि) |
| ठूला आकारको फोहोर आवेदन दिनुपर्ने/शुल्क लाग्नेछ | | | [आवेदन स्थान] ओता सहर, ठूला आकारको फोहोर सङ्कलन केन्द्र<br>☎ 03-5465-5300<br>(8:00 am~7:00 pm/ शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन पनि खुला रहनेछ।)<br>तर डिसेम्बर 29 तारिख (बुध)~जनवरी 3 तारिख (सोम) भने बन्द रहनेछ। | |

वर्षको अन्त्य तथा सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुने हुनाले, स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरू फाल्नको लागि निकाल्ने समयको सन्दर्भमा, सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा सङ्कलन स्थानमा राख्न अनुरोध गर्दछौं।

सम्पर्क

| | | |
|---|---|---|
| सरसफाइ साखा | ☎ 03-5744-1628 | FAX 03-5744-1550 |
| ओमोरी सरसफाइ कार्यालय | ☎ 03-3774-3811 | FAX 03-3775-6028 |
| च्योफु सरसफाइ कार्यालय | ☎ 03-3721-7216 | FAX 03-3722-3478 |
| खामाता सरसफाइ कार्यालय | ☎ 03-6451-9535 | FAX 03-6451-9623 |




# बालबालिका भत्ताको वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको प्रक्रियाबारे

डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म काउन्टर (यसमा विशेष उपशाखा काउन्टर पनि पर्छ) मा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। डिसेम्बरमा जन्मिएको बच्चा वा घर सरेको व्यक्तिको आवेदन म्याद निम्न अनुसार रहेको छ।

| सरेको मिति (नोट 1) | "जनवरीमा भुक्तानी सुरु" गर्नको लागि आवेदन म्याद (नोट 2) |
|---|---|
| डिसेम्बर 1~13 तारिख | डिसेम्बर 28 तारिखसम्म<br>विद्युतिय माध्यमद्वारा आवेदनको खण्डमा, डिसेम्बर 31 तारिखसम्म |
| डिसेम्बर 14~20 तारिख | जनवरी 4 तारिखसम्म |
| डिसेम्बर 21~31 तारिख | सरेको मितिको भोलिपल्टदेखि गनेर 15 औं दिन<br>(15 औं दिन शनिबार, आइतबार वा सार्वजनिक बिदा आदि परेको खण्डमा, त्यसपछि कार्यालय खोलिने दिन) सम्म |

(नोट1) जन्मेको मिति, यो भन्दा पहिले बसोबास गरेको ठाउँको "घर सर्ने आवेदन" मा लेखिएको "भुक्तानी प्राप्त गर्ने योग्यता भएको व्यक्ति" को योजना गरिएको घर सर्ने मिति आदि।
(नोट2) हुलाकबाट पठाउने खण्डमा, बाल चिकित्सा कर्मचारीले प्राप्त गर्नुपर्ने मिति

**भुक्तानी सुरु गरिने महिना**

सामान्यतया आवेदन दिएको महिना पछिको महिनाको भत्ताबाट भुक्तानी गरिनेछ। तर, सरेको मिति पछिको महिनामा आवेदन दिएको खण्डमा पनि, सरेको मितिदेखि 15 दिन भित्रमा आवेदन दिएमा, आवेदन दिएको महिनाको भत्ताबाट भुक्तानी गरिनेछ। संलग्न गर्नुपर्ने कागजातहरू पछि पेस गरेपनि हुने हुनाले, सकेसम्म छिटो आवेदन दिनुहोस्।

**आवेदन दिने तरिका**

- काउन्टर, विद्युतीय आवेदन अथवा हुलाक मार्फत आवेदन दिनुहोस्। विद्युतिय माध्यमद्वारा आवेदन दिने तरिका जान्नको लागि ओता सहरको होमपेज हेर्नुहोस् अथवा तल लेखिएको ठाउँमा सम्पर्क गर्नुहोस्।
- घर सरेको र बच्चा जन्मेको कारण दिइने आवेदनहरू मात्र विशेष उपशाखामा पनि पेस गर्न सकिन्छ।

**आवेदन दिने ठाउँ (सम्पर्क)**

बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी

☎ 03-5744-1275  FAX 03-5744-1525  E-mail  t-kod-ko@city.ota.tokyo.jp

# संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को भ्याक्सिन लगाउनेबारे

## खोप लगाउने बारे

नोभेम्बरदेखि व्यापक रूपमा सामूहिक भ्याक्सिन लगाउने कार्यक्रमलाई उल्लेखनीय रूपमा कम गरिनेछ। निम्न अवस्थाहरूमा पर्ने व्यक्तिहरूलाई अहिले पनि खोप लगाउने कार्य भइरहेको छ।

[दायरामा पर्ने व्यक्तिहरू]

- भ्याक्सिन लगाउन चाहने 12 वर्ष पुग्ने व्यक्तिहरू
- भ्याक्सिन लगाउन चाहने ओता सहरमा घर सरेका व्यक्तिहरू
- यसपछि पहिलो र दोस्रो डोजको भ्याक्सिन लगाउन चाहने व्यक्ति आदि

[सम्पर्क] ओता सहर नोभल कोरोना भ्याक्सिन लगाउने सम्बन्धी कल सेन्टर
☎ 03-6629-6342
ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा (नाम लेखाउन मद्दत गरिनेछ।)
☎ 03-6436-4731

## भ्याक्सिन लगाएको प्रमाणबारे

जापान भित्र भ्याक्सिन लगाउने टिकटमा भएको "रोकथामको खोप लगाइसकेको प्रमाणपत्र (अस्थायी)" द्वारा खोप लगाइसकेको कुरा प्रमाणित गर्न सकिन्छ। तसर्थ भ्याक्सिन लगाइसकेपछि पनि भ्याक्सिन लगाउने टिकटलाई सुरक्षित साथ राख्नुहुन अनुरोध गर्दछौं। साथै "भ्याक्सिन पासपोर्ट" भनिने रोकथामको खोप लगाइसकेको प्रमाणपत्र भनेको छुट्टै जारी गर्नुपर्ने प्रमाणपत्र हो। यो विशेष गरी विदेश जाने योजना भएका व्यक्तिहरू आदिको लागि जारी गरिन्छ।

*भ्याक्सिन लगाउने सम्बन्धी नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

**सम्पर्क**

कोरोना भ्याक्सिन लगाउने सम्बन्धी कल सेन्टर  खुला समय: सोमबार~शुक्रबार र शनिबार 8:30 am~5:15 pm (*बिदाको दिन बाहेक)
☎ 03-6629-6342
ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा  खुला समय: सोमबार~शुक्रबार र शनिबार 8:30 am~5:15 pm (*बिदाको दिन बाहेक)
*अंग्रेजी, चिनियाँ, कोरियन, पोर्चुगिज, स्पेनिश, भियतनामिज, टगालोग, नेपाली, इन्डोनेशियाली, थाई, रूसी, हिन्दी र फ्रान्सेली भाषामा सेवा उपलब्ध छ।  ☎ 03-6436-4731

# माइ-नम्बर कार्डमा म्याद हुन्छ।



## बसोबास अवधि नतोकिएको विदेशी नागरिक

20 वर्ष वा सोभन्दा बढीको व्यक्तिको सन्दर्भमा, कार्ड बनाएको मितिदेखि दशौं जन्म दिनको मितिसम्म यो कार्ड मान्य हुन्छ।

20 वर्ष नपुगेको व्यक्तिको सन्दर्भमा, कार्ड बनाएको मितिदेखि पाँचौँ जन्म दिनको मितिसम्म यो कार्ड मान्य हुन्छ।

## बसोबास अवधि तोकिएको विदेशी नागरिक

बसोबास अवधि पूरा हुने मितिसम्म यो कार्ड मान्य हुन्छ। माइ-नम्बर कार्डको म्याद स्वतःलम्ब्याइने छैन। बसोबास अवधि नवीकरण गरिएको खण्डमा, नवीकरण अघिको बसोबास अवधि पूरा हुने मितिसम्ममा माइ-नम्बर कार्डलाई लम्ब्याउने प्रक्रिया गर्नुहोस्। प्रक्रिया नगरिएको खण्डमा माइ-नम्बर कार्ड अमान्य हुनेछ। अमान्य भएपछि माइ-नम्बर कार्ड पुनःजारी गर्न चाहेमा शुल्क लाग्नेछ। बसोबास अवधि पूरा हुने मितिसम्ममा नयाँ बसोबास अवधि नतोकिएको खण्डमा सम्पर्क गर्नुहोस्।

## बसोबास अवधि नवीकरणको कारण माइ-नम्बर कार्डको म्याद लम्ब्याउने प्रक्रिया

- प्रक्रिया गर्न सक्ने व्यक्ति: सम्बन्धित व्यक्ति स्वयम् अथवा उक्त व्यक्तिको परिवारको सदस्य (*परिवारको सदस्यले प्रक्रिया गर्ने खण्डमा, सम्बन्धित व्यक्तिलाई 4 अङ्कको पिनकोड सोधिराख्नुहोस्।)
- लिएर आउने कुराहरू: माइ-नम्बर कार्ड, रेसिडेन्स कार्ड र पिनकोड

- आवेदन दर्ता स्थान

(1) ओता सहर कार्यालय 1F पारिवारिक निवासी दर्ता शाखा काउन्टर नं. 3
खुला समय: सोमबारदेखि शुक्रबार 8:30 am~5:00 pm (सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

(2) ओता सहर माइ-नम्बर कार्ड सेन्टर (ओता सहर सान्नो 2-3-7)
खुला समय: सोमबार~शुक्रबार 9:00 am~6:30 pm
शनिबार र आइतबार 9:00 am~4:30 pm
(महिनाको तेस्रो शनिबार र त्यसको भोलिपल्टको आइतबार, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

**सम्पर्क**

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, माइ-नम्बर समग्र फ्रि डायल
☎ 0120-95-0178 *जापानी
☎ 0120-0178-27
*अंग्रेजी, चिनियाँ, कोरियन, स्पेनिश र पोर्चुगिज भाषामा सेवा उपलब्ध छ। (सोमबार~शुक्रबार: 9:30 am~8:00 pm, शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन: 9:30 am~5:30 pm)

ओता सहर माइ-नम्बर कल सेन्टर
☎ 0570-03-3370
*जापानी, अंग्रेजी, चिनियाँ र कोरियन भाषामा सेवा उपलब्ध छ।
FAX 050-3737-9318
(सोमबार~शुक्रबार: 9:00 am~5:00 pm वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

# आर्थिक वर्ष 2021 साल यागुची इलाका कुइज र्‍याली

यागुची इलाकाको प्रसिद्ध ठाउँहरू घुमी, कुइजको जवाफ दिने कुइज र्‍यालीको आयोजना! कुइजको प्रश्नपत्र भएमा तोकिएको अवधि भित्र जसले पनि भाग लिन सक्नेछन्! कुइजको प्रश्नपत्र यागुची विशेष उपशाखा, कुमिन प्लाजा, सिमोमारुको पुस्तकालय जस्ता यागुची क्षेत्रको सार्वजनिक सुविधाहरूमा वितरण गरिन्छ। साथै होमपेजबाट पनि डाउनलोड गर्न सकिन्छ। भाग लिने व्यक्तिहरूलाई उपहार हस्तान्तरण गरिनेछ! विस्तृत जानकारीको लागि सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्!

**कहिले**: 2021 साल डिसेम्बर 1 तारिख~ 2022 साल फेब्रुअरी 28 तारिख

**शुल्क**: निशुल्क

**आवेदन दिने तरिका**: आवेदन दिनुपर्दैन।

**कहाँ**: यागुची इलाका…सिमोमारुकोको सबै क्षेत्रहरू, यागुचीको सबै क्षेत्रहरू, चिदोरी 1~3 च्योमे (केही ठाउँहरू बाहेक)

**सम्पर्क**

स्थानीय गतिविधि प्रवर्द्धन शाखा यागुची विशेष उपशाखा
☎ 03-3759-4686 FAX 03-3759-1492



# काचु काइस्यु स्मारक भवन विशेष प्रदर्शनी “सेइमेइ बुन्को ~निरन्तर एक पछि अर्को पुस्तामा हस्तान्तरण हुने कुराहरू~”



उहिले सेइमेइ बुन्कोमा प्रदर्शन गरिएको काइस्युको थर्मोमिटर

काचु काइस्यु स्मारक भवनले राष्ट्रद्वारा दर्ता गरिएको मूर्त सांस्कृतिक सम्पत्ति "पुरानो सेइमेइ बुन्को" को उपयोग गरिरहेको छ। सेइमेइ बुन्कोमा स्योवाको प्रारम्भिक अवधि, काइस्युसँग सम्बन्धित पुरातात्त्विक वस्तुहरूको संरक्षण, किताबहरूको सङ्कलन जस्ता कार्यहरू गरिएको थियो। यो प्रदर्शनीमा त्यहाँ गरिएका "प्रदर्शनी" परियोजनाहरूलाई फोकस गरी, त्यस बेला प्रदर्शन गरिएका वस्तुहरूबारे जानकारी दिइनेछ।

**कहिले**

2021 साल डिसेम्बर 17 तारिख (शुक्र)~2022 साल मार्च 13 तारिख (आइत)

■भवन खुला रहने समय: 10:00 am~6:00 pm

*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)

*डिसेम्बर 13 तारिख (सोम)~16 तारिख (बिही) प्रदर्शनी परिवर्तनको लागि भवन बन्द हुनेछ।

*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

**शुल्क**

■भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

**कहाँ (सम्पर्क)**

काचु काइस्यु स्मारक भवन

ओता सहर, मिनामिमिजेन्जोकु 2-3-1

☎ 03-6425-7608 FAX 03-6425-7610

# फुरुहामा निशुल्क खुला गरिने दिन



के तपाईं कपास जस्तो सेतो न सेतो बालुवामा बिच स्पोर्टसको मज्जा लिन चाहनुहुन्छ? बिच भलिबल, बिच टेनिस आदिको खेल्ने सामग्री निशुल्क भाडामा दिइन्छ। साथै तपाईंले विभिन्न बिच स्पोर्टसको मज्जा लिन सक्नुहुन्छ। इच्छुकहरूलाई साधारण लेक्चर पनि दिइन्छ। बच्चादेखि वयस्कसम्म सबैले मज्जा लिन सक्ने उपायहरू अपनाइएको हुनाले, संकोच नमानीकन सपरिवार आउनुहोस्!

**कहिले**

2021 साल डिसेम्बर 21 तारिख (मंगलबार), 2022 साल जनवरी 9 तारिख (आइतबार), 17 तारिख (सोमबार) र 25 तारिख (मंगलबार) प्रभातकाल/10:00 am~12:00 pm अपराह्न/1:00 pm~4:00 pm

**कहाँ**

ओमोरी हिगासी वाटरसाइड स्पोर्टस् मैदान, बिच भलिबलको मुख्य कोर्ट

ओता सहर ओमोरी हिगासी 1-37-1

**आवेदन दिने तरिका**

सोही दिन स्पोर्टस मैदानमा नाम लेखाउनुहोस्।

**शुल्क**

निशुल्क

**कति जना**

15 जना जतिसम्म, क्रम अनुसार प्रयोग।

**सम्पर्क**

खेल प्रवर्धन डिभिजन

☎ 03-5744-1441 FAX 03-5744-1539 E-mail sports@city.ota.tokyo.jp

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323

हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।